# स्थानीय तहको पेश्की खर्च ऐन

**कटहरी गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट विनियोजन विधेयक एक तिहाई रकम पेश्की रुपमा खर्च गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः**२०७४।०६।३१**

प्रस्तावनाः..**कटहरी** गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही पेश्कीको रुपमा रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम **कटहरी** गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम " **कटहरी** गाउँपालिकाको पेश्की ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.९०००००००। (अक्षेरुपी नौ करोड रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट पेश्कीको रुपमा खर्च गर्न सकिनेछ। यो ऐन पारित भए पछि यस पेश्की खर्च ऐन अनुसार भएको खर्च विनियोजन ऐनमा दिइएको अधिकार भित्र समायोजन गरिने।